१) कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालक समितिका सदस्य तोक्दा कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोष(स्थापना र सञ्चालन) नियमावली २०७६ नियम ६(१) भएका व्यवस्था बमोजिम सो मन्त्रालयहरुबाट सचिवले अनिवार्य रुपमा समितिमा सदस्यका रुपमा भाग लिने ।

२) कोरोना भाइरस संक्रमणको प्रयोगशाला परीक्षणको लागि वीरगंज र राजविराजमा पिसिआर मेसिन सहितको प्रयोगशाला स्थापनाको पिसियार मेसिन खरिद एवं नारायणी उपक्षेत्रीय अस्पताल वीरगंज र प्रादेशिक अस्पताल जनकपुरमा १० वटा र प्रदेश नं २ का बाँकी ६ वटै जिल्ला अस्पतालहरुमा ५/५ वटा भेन्टिलेटर सहितको बेड थप गर्न आवश्यक प्रक्रिया सामाजिक विकास मन्त्रालयले तत्काल शुरु गर्ने ।

३) गहु र मसुरो लगायत अन्य कृषि वालीहरु भिञ्याउनको लागि स्थानीय तह र सुरक्षा निकाय संग आवश्यक समन्वय गरी सोको व्यवस्थापन कार्य भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले मिलाउने ।

४) कोरोना भाइरस संक्रमण तथा उपचार र नियन्त्रणमा प्रदेश सरकारलाई प्राविधिक सल्लाह सुझाव प्रदान देहायका जनस्वास्वास्थ्य एवं चिकित्सा क्षेत्रका देहायका विशेषज्ञ सम्मिलित स्वास्थ्य विशेषज्ञ सल्लाहकार समिति (Health Expert Advisory Committee) गठन गर्ने।

१ डा. रामकेवल साह
२ डा. सुरेन्द्र प्रसाद यादव
३ डा. प्रवीन मिश्रा
४ डा. काशीकान्त झा
५ डा. विजय कुमार सिंह
६ डा. गरिवदास ठाकुर

५) कोरोना भाइरस (COVID-19) को सम्भावित संक्रमणको रोकथाम, नियन्त्रण र उपचारसम्बन्धी कार्यमा प्रयोग गरिने औषधि, उपकरण,उपचार सामाग्रीको आपूर्तिका लागि कोरोना भाइरस महामारीको यस परिस्थितिमा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६६ र ऐ. नियमावली २०६४ को नियम १४५ बमोजिमको प्रक्रिया अवलम्बन गर्न स्वीकृति दिने ।

६) आन्तरिक मामिला तथा कानून मन्त्रालयका विपद व्यवस्थापन कोषमा कोभिड-१९ का लागि आवश्यक पर्ने रकम व्यवस्था मिलाउन आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्ने ।

७) यस प्रदेशमा रहेका क्वारेन्टाइनहरुलाई व्यवस्थित रुपमा संचालन गर्न आवश्यक खाद्यन्न लगायतका सामग्री आपूर्ती र अन्य सेवा एवं सुरक्षा सहित नेपाल सरकारबाट जारी कोरोना भाइरस (COVID-19) सम्बन्धी क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६ बमोजिम सञ्चालन तथा व्यवस्थापन गर्न नेपाली सेनालाई आवश्यक रकम सहितको जिम्मेवारी हस्तान्तरण गर्ने । सो को लागि आवश्यक पर्ने रकम सामाजिक विकास मन्त्रालयले कोरोना भाइरस संक्रमणा रोकथाम उपचार तथा नियन्त्रण कोषबाट उपलब्ध गराउने ।

८) प्रदेश सरकारलाई हस्तान्तरण भई आएको मुजेलिया स्थित ग्रामीण विकास केन्द्रलाई क्वारेन्टाइनको रुपमा विकास गर्न आवश्यक पूर्वाधार व्यवस्थापनका लागि भौतिक पूर्वाधार मन्त्रालयलाई जिम्मेवारी दिने । क्वारेन्टाइन स्थापना एवं सञ्चालनको समन्वय सामाजिक विकास मन्त्रालयले गर्ने ।

९) कोभिड १९ संक्रमण रोकथाम नियन्त्रण तथा उपचारमा संलग्न हुने चिकित्सक, नर्स, स्वास्थ्य प्राविधिक, महिला स्वास्थ्य स्वयंसेविका, स्वयंसेवक तथा सरसफाईमा संलग्न हुने, श्रमिक एम्बुलेन्स चालक तथा प्रत्यक्ष रुपमा संलग्न हुने सुरक्षाकर्मीलाई मिति २०७७ असार मसान्त सम्म रु २५ लाख सम्मको निशुल्क विमा क्षतिपूर्ति दिने व्यवस्था सामाजिक विकास मन्त्रालयले मिलाउने

१०.१ प्रयोगशाला, स्वास्थ्य परीक्षण र उपचारमा प्रत्यक्ष रुपमा खटिने सबै चिकित्सक,स्वास्थ्यकर्मी तथा नर्सिङ्ग कर्मचारीहरुलाई शुरु तलबमानको शतप्रतिशतले हुने रकम ।

१०.२ प्रकरण १०.१ मा उल्लेख भएका कार्यमा सहयोग गर्न खटिने सबै प्राविधिक जनशक्तिलाई शुरु तलबमानको पचहत्तर प्रतिशतले हुने रकम ।

१०.३ प्रकरण १०.१ र १०.२ को कार्यमा सहयोग गर्न अन्य सबै जनशक्तिलाई शुरु तलबमानको पचास प्रतिशतले हुने रकम ।

१०.४ प्रकरण १०.१ १०.२ र १०.३ बमोजिमका सुविधा करारमा कार्यरत जनशक्तिसमेतलाई उपलब्ध गराउन व्यवस्था मिलाउन सामाजिक विकास मन्त्रालयले व्यवस्था मिलाउने ।

१०)कोभिड- १९ को कारण प्रभावित क्षेत्रहरुको लागि राहत सुविधा प्रदान गर्ने नेपाल सरकार मन्त्रिपरिषदको निर्णय कार्यान्वयन कार्ययोजना २०७६ मा उल्लेखित आआफ्नो कार्यक्षेत्र भित्र पर्ने क्रियाकलापहरु सबै मन्त्रालयहरुले एकत्रित गरी सोको कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।